## छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ २०८० कार्तिक २२ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत २०८० सालको कार्यविधि नं. ११**

## छायाँनाथ रारा नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८०

**प्रस्तावना:** छायाँनाथ रारा नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **छायाँनाथ रारा नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि, २०७९ को प्रस्तावनामा संशोधन:** छायाँनाथ रारा नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि, २०७९ (यस पछि "मूल कार्यविधि" भनिएको) को प्रस्तावनामा,–

(१) प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छः-

"छायाँनाथ रारा नगरपालिका भित्र संचालित एवम् संचालन हुने व्यवसायिक गतिविधि गतिविधिलाई कानूनी दायरामा ल्याउन, व्यवसाय सञ्चालन मार्फत नगरपालिकाको आन्तरिक आम्दानीलाई समेत बृद्धि गर्न, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धन गरी उपभोक्ता हित संरक्षण गर्न साथै उद्योग, कृषि, पशुपन्छी जन्य वस्तहुरूको उत्पादन वृद्धि, बजारीकरण, व्यवसायीकरणको माध्यमबाट आर्थिक विकास र समृद्धि हासिल गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि जारी गिरएको छ।"

३. **मूल कार्यविधिको दफा १ मा संशोधन:** मूल कार्यविधिको दफा १ को,-

(१) उपदफा (१) सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० हुनेछ",

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन पछि तुरुन्त प्रारम्भ हुनेछ।"

४. **मूल कार्यविधिको दफा ६ मा संशोधन:** मूल कार्यविधिको दफा ६ को,-

(१) "उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्डहरु राखिएको छः-

"(ख) व्यवसाय संचालकको दुई प्रति फोटो,

(ग) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि वा कम्तिमा दश वर्ष लिजमा लिएको खुल्ने सक्कल कागजात"

५. **मूल कार्यविधिको दफा ७ मा संशोधन:** मूल कार्यविधिको दफा ७ को,-

(१) उपदफा (१) को खण्डहरुको सट्टा देहायको खण्डहरु राखिएको छ,-

"(क) व्यवसाय दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(ख) व्यवसाय संचालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) मालपोत तिरेको रसिदको प्रतिलिपि,

(घ) व्यवसाम सञ्चालन हुने/ भएको स्थानको दुई प्रति फोटो,

(ङ) स्थानीय उद्योग बाणिज्य संघको सिफारिस (कृषि तथा पशुजन्य व्यवसायका लागि आवश्यकता अनुसार मात्र),

(च)सम्बन्धित वडाको सिफारिसको कागजात",

६. **<u>मूल कार्यविधिको दफा १३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा राखिएको छः-

"(१) कार्यविधिले तोकिएको समय भित्र कर नबुझाएमा, कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागी सम्बन्धित आर्थिक बर्षको अन्त सम्मको लागी लाग्ने करमा पचास प्रतिशत जरिवाना लिई अशुल उपर गरिनेछ"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा राखिएको छः-

"(२) एक आर्थिक वर्ष समाप्त भए पछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागी लाग्ने कर रकमको बार्षिक सत प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम अशुल उपर गरिनेछ"

(३) उपदफा (३) को सट्टा देहायको उपदफा राखिएको छः-

"(३) व्यवसाय तथा बजार अनुगमनका क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना गरिनेछ

(क) मुल्यसूचि नराखेमा -पाँच सय रुपैंया

(ख) प्रमाणपत्र नराखेमा -पाँच सय रुपैंया

(ग) म्माद नाघेका सामाग्री बेचविखन गरेमा -एक हजार रुपैंया

(घ) अधिकतम खुद्रा मुल्यभन्दा बढी मुल्यमा सामाग्री बेचबिखन गरेमा -पन्ध्र सय रुपैंया

(ङ) प्रदुषित, फोहोर सामाग्री बेच बिखन गरेमा -सात सय रुपैंया"

(४) उपदफा (५) को खण्ड (क), (ख), र (ग) को सट्टा देहायको खण्डहरु राखिएको छः-

"(क) प्रचलित कानुन र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय नगरपालिका क्षेत्रभित्र संचालन गरेको पाइएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायिलाई पैतिस दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्छ।

(ख) उपदफ (क) बमोजिम व्यवसाय दर्ता गर्नको लागी जनाउ दिएको पैतिस दिन भित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा

नगरपालिकाबाट प्रबाह हुने सबै किसिमको सेवा सुविधाहरु बन्द गर्न सक्नेछ।

(ग) उपदफा (ख) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि तिन महिना भित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायिको व्यवसाय बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम अशुल उपर गर्नु पर्छ"

**७. <u>रुपान्तर:</u>** मूल कार्यविधिमा रहेका "पर्नेछ" शब्दको सट्टा "पर्छ" शब्द राखिएका छन।

निर्णय भएको मितिः २०८०/०७/२२

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत